# पुतलीवजार नगरपालिका नगरकार्यपालिकाको, कार्यालय

## स्याङ्जा

## दरभाउपत्र आव्हान सम्बन्धी सूचना

दोश्रो पटक सुचना प्रकाशित मिति २०७५।६।५

स्थानीय सरकार संचालन ऐन २०७४ तथा गण्डकी प्रदेश सरकारबाट जारी भएको ढुङगा गिट्टी वालुवा उत्खनन् संकलन क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधी २०७५ बमोजिम यस नगरपालिकाको आ.व. २०७५।७६ को लागी निम्न स्थानहरुमा कर, दस्तुर तथा आन्तरिक आय संकलन (ठेक्का वन्दोबस्त) गर्ने प्रयोजनको लागि प्रथम पटक मिति २०७५/५/१४ मा सुचना प्रकाशित गरिएकोमा उक्त ठेक्का वन्दोवस्त हुन नसकेकोले दोश्रो पटक यो सुचना प्रकाशन गरिएको छ । तोकिएको न्यूनतम अंकमा नघट्ने गरि निम्न लिखित शर्तहरुको अधिनमा रहि ठेक्का नम्वर अनुसार छुट्टाछुट्टै दरभाउपत्र फाराम खरिद गरि रितपुर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

## तपसिल

| क्र.सं. | ठे.नं. | ठेक्काको नाम | आ.व.२०७५।७६ को लागि न्यूनतम अंक रु. | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| | **ढुँगा, गिट्टि, वालुवा बिक्रि तथा निकासी कर तर्फ** | | | |
| १ | १.१ | सेतिदोभान भन्दा तल पुतलीखेतको पक्की पुलको ५०० मी देखि माथी आँधीखोला नाका १, सेतिखोलाको पु.व.न.पा. क्षेत्र समेत | ६,००,०००।- | ३००।- |
| २ | १.२ | पुतलीखेतको पक्की पुलको ५०० मी तल देखि कुलवाधको कुलो सम्म आँधीखोला नाका २ | ९,००,०००।- | ३००।- |
| ३ | १.३ | कुलवाधको कुलो देखि तल गैरीजाँगर सिम्ले खोल्सासम्म आँधीखोला नाका ३ | ९,००,०००।- | ३००।- |
| ४ | १.४ | गैरीजाँगर सिम्ले खोल्सा देखि तल हेलु झापाकोटको थुम्को पु.व.न.पा. को सिमानासम्म आँधीखोला नाका ४, दरौखोलाको पु.व.न.पा. क्षेत्र समेत | ९,००,०००।- | ३००।- |
| ५ | १.५ | रिङदीखोला | २,००,०००।- | ३००।- |
| ६ | १.६ | बाडखोला | १,००,०००।- | ३००।- |
| ७ | १.७ | प्यूरीदोभान | १,००,०००।- | ३००।- |

**शर्तहरु :-**

१. दरभाउपत्र पेश गर्दा व्यक्तिले ( १ लाख ५० हजार सम्मको मात्रै ) नागरिकताको प्रतिलिपि, स्थायी लेखा नं. र जतिसुकै रकमको दरभाउपत्र पेश गर्ने फर्म वा संघ संस्थाको हकमा फर्म दर्ता प्रमाणपत्र नविकरण गरेको, स्थायी लेखा नं., मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रतिलिपी सहित निवेदन दिई तोकिएको दस्तुर नगदै तिरी पछि फिर्ता नहुने गरि यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन सम्म कार्यालय समय भित्र यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।

२) दरभाउपत्र ८ (आठौ) दिन मिति २०७५/६/१२ गते मध्यान्ह १२ बजे भित्र यस कार्यालय दर्ता गर्नु पर्नेछ । दरभाउपत्र दाखिला गर्दा शिलबन्दी गरि कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम वाहिर उल्लेख गर्नु पर्नेछ । दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य तत्पश्चात लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।

३) दरभाउपत्र साथ आफुले कवोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको ने.बै.लि.स्याङ्जा स्थित ०७२०३००००००००३०००००९ धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ ।

४) उक्त नाकाहरुमा ढुङगा गिट्टी वालुवाको उत्खनन्, संकलन् तथा विक्री वितरण गर्न घाटगद्दी गर्ने र सो लाई व्यवस्थित गर्ने कार्यमा ठेकेदार स्वयम जिम्मेवार हुनुपर्नेछ र सो लगायतका विभिन्न शर्तहरु सम्झौतामा उल्लेख गरिनेछ ।

५) यसमा उल्लेख गरिए वाहेक अन्य शर्तहरु मिति २०७५/५/१४ को प्रथम पटक प्रकाशित सुचना बमोजिम नै हुनेछ ।

६) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालय/ राजस्व शाखामा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

पुतलीबजार नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, स्याङ्जा

रुद्र बहादुर मल्ल

(प्रमुख प्रशासकिय अधिकृत)